**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ दिसम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मु अनि प्रधानमंत्री नरेन्द्र मोदीले हिजो मुम्बईमा भएको डुङ्गा दुर्घटनामा परी ज्यान गुमाएका परिवारप्रति समवेदना व्यक्त गर्नु भएको छ।

२. केन्द्रीय गृहमन्त्री अमित शाहले हिजो राज्यसभामा आफ्नो भाषणको विकृतीकरणको सम्बन्धमा कांग्रेसको आरोपको कडा निन्दा गर्नु भयो।

३. सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले कांग्रेसले डा.बी.आर. अम्बेडकरको मुद्दालाई गलत तरिकाले उठाउने प्रयास गरेको बताउनु भएको छ।

४. सरकारले एक राष्ट्र एक निर्वाचन विधेयक आज संयुक्त संसदीय समितिलाई बुझाउने भएको छ।

५. भारत अनि वेस्ट इन्डिजबीचको महिला टी–२० क्रिकेट शृंखलाको तेस्रो म्याच आज नवी मुम्बईको डीवाई पाटिल स्पोर्ट्स एकेडेमीमा हुनेछ ।

**राष्ट्रपति – पीएम – समवेदना**

राष्ट्रपति द्रौपदी मुर्मु अनि प्रधानमंत्री नरेन्द्र मोदीले हिजो मुम्बईमा भएको डुङ्गा दुर्घटनामा परी ज्यान गुमाएका परिवारप्रति समवेदना व्यक्त गर्नु भएको छ। उहाले सामाजिक सञ्जालमा पोस्ट गर्नु हुदै राहत तथा उद्धार कार्यको शीघ्र सम्पन्नता र घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्नु भएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले पनि मुम्बईमा भएको डुङ्गा दुर्घटनामा परी ज्यान गुमाउनेका परिवारप्रति समवेदना व्यक्त गर्नु भएको छ । श्री मोदीले सामाजिक सञ्जाल पोस्टमा घटना प्रति दुःख व्यक्त गर्नु हुदै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नु भएको छ। श्री मोदीले प्रत्येक मृतकका आफन्तहरूलाई प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट दुई-दुई लाख रूपियाँको एक्स-ग्रेशिया रकम प्रदान गर्ने घोषणा गर्नु भएको छ। यसरी नै घाइतेलाईहरुलाई पचास- पचास हजार रुपैयाँ प्रदान गरिने पनि घोषणा गर्नु भएको छ ।

****** ० ******

**महाराष्ट्र- डुंगा दुर्घटना**

मुम्बईको गेटवे अफ इन्डियाबाट एलिफन्टा गुफासम्म यात्रु बोकेको डुंगा रायगड जिल्लाको उरान नजिक हिज साँझ दुर्घटना भएको थियो । महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले डुङ्गा दुर्घटनामा जम्मा १३ जनाको ज्यान गएको बताउनु भएको छ । जसमा तीन जना नौसैनिक छन् भने अन्य दुई जना यात्रु गम्भिर घाइते भएका र उनीहरुको नेवल अस्पतालमा उपचार भइरहेको छ। जलसेना, तटरक्षक बल र समुद्री पुलिसले हिज अबेर रातिसम्म उद्धार कार्य जारी राखेको उहाले बताउनु भएको छ। श्री फडणवीसले मुख्यमन्त्री राहत कोषबाट मृतकका परिवारलाई पाँच-पाँच लाख रूपैयाँको अनुग्रह दिने घोषणा गर्नु भएको छ।

****** ० ******

**अमित शाह**

केन्द्रीय गृहमन्त्री अमित शाहले हिजो राज्यसभामा आफ्नो भाषणको विकृतीकरणको सम्बन्धमा कांग्रेसको आरोपको कडा निन्दा गर्नु भयो। नयाँ दिल्लीमा मिडियासँग कुरा गर्नु हुदै , श्री शाहले डा भीम राव अम्बेडकरको बारेमा उनको टिप्पणीलाई गलत रूपमा प्रस्तुत गर्ने र विकृत गर्ने कांग्रेसको प्रयासको निन्दा गर्नु भयो। उआले कांग्रेस पार्टीमा तथ्यलाई छेडछाड र अनावश्यक हल्ला गर्ने प्रवृत्ति रहेको आरोप लगाउनु भयो । डा. भीमराव अम्बेडकर, आरक्षण र संविधानको विरोधमा संसदमा संविधानमाथिको छलफलको जवाफ कांग्रेससँग नभएको श्री शाहले बताउनु भयो । उहाले संकटकाल लगाएर कांग्रेसले संवैधानिक मूल्य मान्यतालाई बेवास्ता गरेको बताउनु भयो ।

BYTE

श्री शाहले आफू त्यस्तो पार्टीमा आबद्ध भएको बताउनुभयो जसले डा. भीमराव अम्बेडकरको कहिल्यै अपमान गरेको छैन । यो पार्टीले सधैं उहाँको सिद्धान्तलाई पछ्याउने प्रयास गरेको छ । उहाले भन्नु भयो, भारतीय जनता पार्टी जहिले पनि सत्तामा छ, यसले सधैं डा. अम्बेडकरको सिद्धान्तलाई फैलाएको छ र आरक्षणलाई सुदृढ गर्ने काम गरेको छ। श्री शाहले कांग्रेस पार्टीको कार्यकालमा बाबा साहब अम्बेडकरको कुनै पनि स्मारक नबन्दा अन्य दल सत्तामा आएपछि स्मारक बनाएको बताउनु भयो । नरेन्द्र मोदी नेतृत्वको सरकारले बाबा साहेब अम्बेडकरको सम्झनामा पञ्च तीर्थको विकास गरेको उहाले बताउनु भयो । भाजपाका वरिष्ठ नेता अमित शाहले भन्नु भयो  कांग्रेसले धेरै दशकसम्म डा बीआर अम्बेडकरलाई भारत रत्न नदिएको तर बीजेपी समर्थित केन्द्र सरकारले उनलाई 1990 मा सर्वोच्च नागरिक सम्मानले सम्मान गरेको थियो।

****** ० ******

**अश्विनी- कांग्रेस**

सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले कांग्रेसले फेरि एकपटक डा.बी. आर. अम्बेडकरको मुद्दालाई गलत तरिकाले उठाउने प्रयास गरेको बताउनु भएको छ । एक  सामाजिक सञ्जाल पोस्टमा उहाले  कांग्रेसबाट पण्डित जवाहरलाल नेहरूले डा. अम्बेडकरको विरुद्धमा यस्तो अभियान किन चलाए, जसका कारण उनले पराजय भोग्नु पर्‍यो भनेर जान्न चाहनु भएको छ । श्री वैष्णवले ४० वर्षभन्दा बढी समयदेखि डा अम्बेडकरलाई भारत रत्न नदिने र संसदको केन्द्रीय हलमा डा अम्बेडकरलाई सम्मान नगरेकोमा पनि कांग्रेसको आलोचना गर्नु भयो । उहाले  पिछडिएका वर्गको संरक्षण वा सशक्तिकरणका लागि ठोस प्रयास नगरेको र पञ्चतीर्थको सम्मान नगरेको भन्दै कांग्रेससँग जवाफ माग्नु भएको छ  ।

****** ० ******

**अमित शाह- बैठक**

गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा उच्चस्तरीय सुरक्षा बैठकको अध्यक्षता गर्नु हुनेछ । बैठकमा जम्मू–कश्मीर लगायत सुरक्षासँग सम्बन्धित महत्वपूर्ण विषयमा छलफल हुनेछ । बैठकमा जम्मू कश्मीरका उपराज्यपाल मनोज सिन्हा पनि सहभागी हुनु हुनेछ । बैठकको उद्देश्य जम्मू कश्मीरमा शान्ति र स्थिरता सुनिश्चित गर्न नीतिहरूको समीक्षा गर्नु रहेको छ । राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, केन्द्रीय गृह सचिव गोविन्द मोहन, गुप्तचर निर्देशक तपन डेका, सेना प्रमुख उपेन्द्र द्विवेदी, केन्द्रीय सशस्त्र पुलिस बलका महानिर्देशक, जम्मू कश्मीरका मुख्य सचिव र पुलिस महानिदेशक पनि यसमा सामेल हुनेछन्।

****** ० ******

**सीबीआई-गिरफ्तारी**

केन्द्रीय अनुसन्धान ब्यूरो सीबीआइले घुस लिएको आरोपमा सात कर्मचारीलाई पक्राउ गरेको छ । जसमा एक सह-विकास आयुक्त, एक उप-विकास आयुक्त र दुई सहायक विकास आयुक्त छन्। सीबीआईको टोलीले मुम्बईमा एक अभियुक्तको आधिकारिक र आवासीय परिसर सहित धेरै स्थानहरूमा खोजी गरेपछि   27 अचल सम्पत्ति कागजातहरू अनि  3 महँगो गाडीहरू जफत गरेको छ । सीबीआईले अन्य अभियुक्तहरूबाट एक करोड रुपियाँभन्दा बढीको नगद र धेरै अपराधी कागजातहरू पनि बरामद गरेको छ। यी आरोपीहरुले  विशेष आर्थिक जोनमा  दलाल गर्दै  जमीन बाडफाड गरेर  रकम असुल्ने  अनि   आयातित वस्तुहरुको   शुल्क भुगतान नगरी बिक्री गर्दै आइहेको सीबीआईले बताएको छ  ।

****** ० ******

**जेपीसी-एक राष्ट्र एक चुनाव**

सरकारले एक राष्ट्र एक निर्वाचन विधेयक आज संयुक्त संसदीय समितिलाई बुझाउने भएको छ । यो समितिमा लोकसभाका २१ र राज्यसभाका १० जना सांसद छन् । समितिमा भारतीय जनता पार्टीका पीपी चौधरी, अनुराग सिंह ठाकुर, परशोत्तम भाई रुपाला, कांग्रेस नेता प्रियंका गान्धी र मनिष तिवारी, तृणमूल कांग्रेसका कल्याण बनर्जी र राष्ट्रवादी कांग्रेस पार्टी-शरद पवार गुटकी सुप्रिया सुले समावेश छन्।

****** ० ******

**एनआईए-छापा**

राष्ट्रिय अनुसन्धान एजेन्सी-एनआईएले हतियार तस्करीको आरोपमा चार राज्यका विभिन्न स्थानमा छापा मारेको छ। यी छापाहरू बिहारका १२ स्थानमा, नागाल्याण्डमा तीन, हरियाणा अनि जम्मू कश्मीरमा एक-एक स्थानमा सञ्चालन गरिएको थियो। छापा मार्ने क्रममा एनआईएले 315 बोर राइफल, धेरै कारतूसहरू, मोबाइल फोनहरू, मेमोरी कार्डहरू, पेन ड्राइभहरू जस्ता डिजिटल उपकरणहरू सहित धेरै प्रतिबन्धित हतियारहरू बरामद गरेको छ। आरोपित कागजपत्र बाहेक १३ लाख ९४ हजारभन्दा बढीको कार र नगद समेत बरामद गरिएको छ। एनआईए अनुसार संदिग्धहरू जसको परिसरमा खोजी गरिएको थियो अर्को मुद्दामा पक्राउ परेका चार अभियुक्तहरूसँग सम्बन्धित छन्।

****** ० ******

**जेपीसी वक्फ**

संयुक्त संसदीय समितिले हिजो नयाँ दिल्लीमा वक्फ संशोधन विधेयकमा अखिल भारतीय शिया पर्सनल ल बोर्डको अडान सुनेको थियो। समितिको अध्यक्ष लोकसभा सांसद जगदम्बिका पाल हुनुहुन्छ। समितिका सदस्यहरूले प्रस्तावित संशोधनका सम्बन्धमा बोर्डसँग केही प्रश्नको जवाफ मागेको बैठकपछि पालले पत्रकारहरूलाई जानकारी दिनुभयो। समितिमा लोकसभाबाट २१ र राज्यसभाबाट १० सदस्य छन्। यस समितिले वक्फ बोर्डमा सुधारका लागि विभिन्न राज्यका सरकारी अधिकारीहरू, कानुनी विज्ञहरू, वक्फ बोर्डका सदस्यहरू र समुदायका प्रतिनिधिहरूसँग बैठकहरू गरिरहेको छ। वक्फ संशोधन विधेयकले देशभरका वक्फ सम्पत्तिहरूको व्यवस्थापन र नियमनमा सुधार गर्ने लक्ष्य राखेको छ।

****** ० ******

**नेपाल विदेश मंत्री-भारत**

नेपालकी विदेश मंत्री आरजु राणा देउवा तीनदिने भ्रमणका क्रममा आज भारत आउनु हुनेछ I यस क्रममा उहाले एक औपचारिक कार्यक्रममा सहभागी भई स्वास्थ्य परीक्षण गर्नु हुनेछ । जर्मनी भ्रमणमा रहेका देउवा हिज बर्लिनबाट नयाँ दिल्ली प्रस्थान गर्नु भएको छ । नयाँ दिल्लीमा आफ्नो छोटो बसाइको क्रममा उहाले इग्रो फाउन्डेसन र काठमाडौं युनिभर्सिटी–नेपाल सेन्टर फर कन्टेम्परारी स्टडिजले संयुक्त रुपमा आयोजना गरेको भारत–नेपाल सम्मेलनमा मुख्य सम्बोधन गर्ने कार्यक्रम छ । शुक्रबार हुने सम्मेलनको मुख्य उद्देश्य भारतको आर्थिक बृद्धिलाई देखाउने, क्षेत्रीय सहयोग प्रवर्द्धन र क्षेत्रीय देशबीचको सम्बन्धलाई सुदृढ बनाउने रहेको छ। देउवा डिसेम्बर २१ मा भ्रमण सकेर काठमाडौं फर्किनु हुनेछ ।

****** ० ******

**डॉल्फिन टैगिंग**

भारतले हिजो आसाममा गंगा नदी डल्फिन ट्याग गरेर वन्यजन्तु संरक्षणमा ऐतिहासिक उपलब्धि हासिल गरेको छ। डल्फिनका लागि यो पहिलो ट्यागिङ हो र यसले डल्फिनको जीवनशैली बुझ्न मद्दत गर्नेछ। वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले सामाजिक सञ्जालमा पोस्ट गर्नु हुदै यसलाई डल्फिन र भारतका लागि ऐतिहासिक उपलब्धि रहेको बताउनु भएको छ । उहाले यसले जलचर संरक्षणमा सहयोग पुग्ने बताउनु भएको छ ।

****** ० ******

**सेबी-कृषि वस्तु**

भारतीय सेक्युरिटीज एण्ड एक्सचेन्ज बोर्ड-सेबीले मूल्यमा रोक लगाउनका लागि गहुँ र मुंग सहित सात कृषि वस्तुहरूमा डेरिभेटिभ ट्रेडिंगमा प्रतिबन्ध जनवरी 2025 सम्म लम्ब्याएको छ। यो प्रतिबन्ध गैर-बासमती धान, चना, कच्चा पाम तेल, तोरी र तिनका डेरिभेटिभहरू , भटमास र यसका डेरिभेटिभहरूमा पनि लागू हुनेछ। यसको उद्देश्य स्टक बजारमा अत्यधिक सट्टा र अस्थिरता रोक्न हो, किनकि यसले खाद्य मूल्य र मुद्रास्फीतिमा महत्त्वपूर्ण प्रभाव पार्छ।

****** ० ******

**गुजरात- मसाली गाउँ**

गुजरातको बनासकांठा जिल्लाको मासाली गाउँ सौर्य ऊर्जामा चल्ने देशको पहिलो सीमावर्ती गाउँ बनेको छ। पाकिस्तान सिमानाबाट ४० किलोमिटर टाढा रहेको यस गाउँको जनसङ्ख्या ८०० मात्रै छ। जिल्ला प्रशासनको प्रयासले यो गाउँ अहिले पूर्ण रुपमा सौर्य उर्जामा सञ्चालित गाउँ बनेको छ।

****** ० ******

**भारत-वेस्टइंडीज टी20**

भारत अनि वेस्ट इन्डिजबीचको महिला टी–२० क्रिकेट शृंखलाको तेस्रो तथा अन्तिम म्याच आज नवी मुम्बईको डीवाई पाटिल स्पोर्ट्स एकेडेमीमा हुँदैछ। यो म्याच राती ७ बजे सुरु हुनेछ। सिरिजमा दुवै टोली १–१ को बराबरीमा छन्।

****** ० ******